दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

धुम्रपान तथा सुर्तीजन्य पदार्थ सेवनका असर
-दम, निमोनिया, ब्रोन्काईटिसजस्ता श्वासप्रश्वाससम्बन्धी समस्या देखा पर्ने ।
-बारम्बार रुघाखोकी लाग्ने ।
-कानको संक्रमण भई श्रवण शक्ति कम हुने ।
-क्यान्सरको सम्भावना बढ्ने भएकोले,
धुम्रपान तथा सुर्तीजन्य पदार्थको सेवन आफू पनि नगरौं,
अरुलाई पनि गर्नबाट निरुत्साहित गरौं ।
नेपाल सरकार विज्ञापन बोर्ड

वर्ष ३६ | अंक २७० | बुटवल | २०८१ असोज १०, गते बिहीबार | नेपाल संवत ११४४ | Thursday Sept.26, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## वडाध्यक्षको मृत्यु

बुटवल । कपिलवस्तुको शुद्धोधन गाउँपालिका वडा नम्बर १ का वडाध्यक्ष तिलकराम यादवको उपचारका क्रममा मृत्यु भएको छ ।

६८ वर्षीय यादव नेपाली कांग्रेस पार्टीबाट २०७४ र २०७९ मा सो वडाको वडाध्यक्ष निर्वाचित भएका थिए । यादवको भारतको नयाँदिल्लीस्थित एपोलो अस्पतालमा उपचाररत यादवको मंगलबार साँझ मृत्यु भएको गाउँपालिका अध्यक्ष कमलेशशरण चौधरीले जानकारी दिए ।

उनको मृत्यु भएपछि बुधबार गाउँपालिकाले शोक बिदा दिएको छ ।

## १२ गतेबाट अग्रिम बस टिकट खुल्ने

बुटवल । दसैंका लागि अग्रिम बस टिकट असोज १२ गतेबाट खुल्ने भएको छ । बुधबार यातायात व्यवस्था विभागमा यातायात व्यवसायी र विभागबिच भएको छलफलमा १२ गतेबाट अग्रिमा टिकट बुकिङ खुल्ला गर्ने सहमती भएको हो ।

दसैंमा घर जानका लागि अग्रिम टिकट बुकिङ असोज १२ गतेबाट खोल्ने सहमती भएको नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका वरिष्ठ उपाध्यक्ष सरोज सिटौलाल बताए ।

सार्वजनिक यातायात केन्द्रीय महासंघ नेपालका महासचिव भरत नेपालले पनि १२ गतेबाट अग्रिम बस टिकट खुल्ला गर्ने निर्णय भएको बताए ।

## चट्याङ लागेर एकको मृत्यु

दाङ। दाङमा चट्याङ लागेर एकजनाको मृत्यु भएको छ भने दुईजना घाइते भएका छन् । घोराही उप-महानगरपालिका-११ खुङकोटका निमकली साहुको ढुङ्गा माटोले बनेको घरमा मङ्गलबार चट्याङ लागेको थियो ।

चट्याङ परी घाइते भएका निमकलीका तीन वर्षीय छोरा समिर साहुको उपचारको क्रममा बुधबार मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक एवं प्रवक्ता रामप्रसाद तिमल्सिनाले जानकारी दिए ।

चट्याङमा परेर ४२ वर्षीया निमकली साहु र उनकी छ वर्षीया छोरी सविना साहु घाइते भएकोमा दुवैजनाको राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा उपचार भइरहेको प्रहरीले जनाएको छ

# जजीराले भैरहवाबाट पुनः उडान गर्दै

**भैरहवामा अन्तर्राष्ट्रिय उडान सुचारु भएपछि पश्चिम नेपालका यात्रुलाई ठूलो राहत मिल्ने विश्वास छ। यसअघि जजीराले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल उद्घाटनकै दिन २०७९ जेठ २ गतेदेखि उडान गर्दै आएको थियो।**

**लुम्बिनी संवाददाता**
*बुटवल*



कुवेतको जजीरा एयरवेजले भैरहवाको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा आगामी कात्तिक १२ गतेदेखि नियमित उडान गर्ने भएको छ। गौतमबुद्ध विमानस्थलमा सातामा तीन दिन उडान गर्ने गरी 'विन्टर सेड्युल' स्वीकृतिका लागि सोमबार जजिराले नेपाल नागरिक उड्यन प्राधिकरण (क्यान) मा पेस गरेको हो ।

क्यानका सूचना अधिकारी ज्ञानेन्द्र भुलका अनुसार जजिरा एयरवेजले विमानस्थल सञ्चालन हुने समयमै कुवेत-भैरहवा-कुवेत उडान गर्ने गरी 'री सेड्युल' पेस गरेको छ । जजीराको न्यारोबडी एयरबस-३२० जहाज बिहान ६:२५ मा गौतमबुद्ध विमानस्थलमा अवतरण गरेर ७:३० बजेभित्र कुवेत फर्किने छ। यसअघि जजीराले राति २ बजे आएर ३ बजे फर्किने गरी प्रस्ताव पेस गरेको थियो ।

क्यानले उक्त समयमा उडान गर्न दिँदा ५०-६० लाख रुपियाँ अतिरिक्त खर्च बेहोर्नुपर्ने भन्दै विमानस्थल सञ्चालन समयमै उडान तालिका पेस गर्न आग्रह गरेको थियो । अहिले गौतमबुद्ध विमानस्थल बिहान ६ बजेदेखि राति १२ बजेसम्म खुला गर्रिदै आएको छ ।

जजीराले सातामा तीन दिन मङ्गलबार, बिहीबार र शनिबार कुवेत-भैरहवा उडान गर्ने भएको छ । "क्यानको आग्रहबमोजिम जजिराले अपरेसन आवरमै उडान गर्ने गरी 'री सेड्युल' पेस गरेको छ जुन स्वागतयोग्य छ," भुलले भन्ने-"क्यानले विन्टर सेड्युल स्वीकृत गरेपछि जजिराले भैरहवा पुनः उडान सुरु गर्ने छ ।"

भैरहवामा अन्तर्राष्ट्रिय उडान सुचारु भएपछि पश्चिम नेपालका यात्रुलाई ठूलो राहत मिल्ने जजीराको विश्वास छ । यसअघि जजीराले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल उद्घाटनकै दिन २०७९ जेठ २ गतेदेखि उडान गर्दै आएको थियो ।

मौसमका कारण देखाउँदै आठ महिनापछि पुस ६ देखि स्थागित गरेको उडान २५ फागुनदेखि सुचारु गरेको थियो । केही समय उडान गरेर फेरि रोकिएको जजीराको भैरहवा उडान कात्तिक दोस्रो सातादेखि पुनः सुचारु हुन लागेको हो ।

भैरहवा उडान गर्न थाइ एयर एसिया पनि सकारात्मक रहेको क्यानका सूचना अधिकारी भुलले बताए ।

"थाई एयर एसियाले अक्टोबर २ मा थाइल्यान्डबाट काठमाडौंमा पहिलो उडान गर्ने छ," उनले भने-"उक्त उडानमा आउने थाइ एयर एसियाको प्राविधिक र उच्च अधिकारीले अक्टुबर ३ गते गौतमबुद्ध विमानस्थलको अध्ययन गरेर कार्ययोजना बनाई सेड्युल पेस गर्ने छन् ।"

थाइ एयर एसियालाई काठमाडौंमा चार र भैरहवा चार गरी सातामा आठ उडान गर्न अनुमति दिएको क्यानले जनाएको छ । सरकारले गौतमबुद्ध र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनका लागि कार्ययोजना बनाइसकेको छ ।

कार्ययोजनामा भैरहवा र पोखरा विमानस्थलमा अन्तर्राष्ट्रिय वायुसेवालाई ल्यान्डिङ, पार्किङ, ग्राउन्ड ह्यान्डलिङ, सुरक्षा शुल्कमा दिइँदै आएको छुटलाई निरन्तरता दिने, ग्राउन्ड ह्यान्डलिङ सेवामा ७५ प्रतिशत छुट, हवाई इन्धनमा सहुलियत, यात्रु सेवा शुल्क र टिकटमा भ्याट छुट, अध्यागमन पूर्ण क्षमतामा सञ्चालन गर्ने, श्रम डेस्क स्थापना गर्ने, विभिन्न देशको भिसा सेन्टर स्थापना गर्नेलगायत उल्लेख छ ।

## भदौमा मात्रै ५७ हजार नेपाली विदेसिए

बुटवल । वैदेशिक रोजगारीका लागि एक महिनामै ५७ हजारभन्दा बढी नेपाली विदेसिएका छन् । भदौ महिनामा वैदेशिक रोजगारीमा ५७ हजार ४९३ जना नेपाली विदेसिएका हुन् ।

वैदेशिक रोजगार विभागको तथ्याङ्कअनुसार भदौ महिनामा पहिलो पटक श्रम स्वीकृति लिएर ३९ हजार ५५७ नेपाली विदेसिएका छन् । भने १७ हजार ९३६ जनाले पुनः श्रम स्वीकृति लिएका छन् ।

त्यसरी बाहिरिनेमा ५० हजार ७७० पुरुष र ६ हजार ७२३ महिला रहेका छन् । म्यानपावर कम्पनीमार्फत् २९ हजार ५२८ जना गएका छन् भने व्यक्तिगत श्रम स्वीकृति लिएर ९ हजार २६ जना गएका छन् । त्यस्तै जीटुजी मार्फत् एक हजार ३ जना गएका छन् ।

भदौ महिनामा सबैभन्दा बढी युएइमा गएका छन् । यूएईमा १८ हजार ६०५ जना नेपाली गएका छन् । त्यस्तै कतारमा ११ हजार २९१, साउदी अरेबियामा १० हजार ८३५, कुवेतमा चार हजार २१५, रोमानियामा एक हजार ८८८ जना नेपाली गएको विभागको तथ्याङ्क छ ।

मलेसिया जाने श्रमिकमा भने व्यापक गिरावट आएको छ । कुनै समय प्रमुख श्रम गन्तव्य मुलुक रहेको मलेसियामा भदौ महिनामा भने एक हजार १९५ श्रमिक गएका छन् ।

मलेसियाले गत मार्चमा आप्रवासी कटौती गर्ने निर्णय गरेसँगै गिरावट आएको हो ।

## 'आर्थिक वृद्धि र जीवनस्तर सुधारका लागि यातायात पूर्वाधार आवश्यक'

काठमाडौं । उपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आर्थिक वृद्धि तथा नागरिकको जीवनस्तरमा सुधार ल्याउनका लागि यातायात पूर्वाधार अत्यावश्यक रहेको बताएका छन् । चीनको राजधानी बेइजिङमा आयोजित ग्लोबल सस्टेनबल ट्रान्सपोर्ट फोरमलाई सम्बोधन गर्दै अर्थमन्त्री पौडेलले दिगो एवं भरपर्दो यातायात प्रणालीको विकास र उपयोगप्रति नेपालको दरिलो प्रतिबद्धता रहेको यस क्षेत्रमा नेपालले काम गरिरहेको बताएका हुन् ।

नेपालको भौगोलिक अवस्थाअनुसार सडक सञ्जालको अतिरिक्त रेलमार्ग, हवाई यातायात तथा आधुनिक पोडवेको महत्त्व रहेको उल्लेख गर्दै उनले दिगो यातायात पूर्वाधार विकासका लागि स्वदेशी तथा वैदेशिक लगानी विस्तार गर्न आवश्यक रहेको धारणा राखे ।

यातायात पूर्वाधार विकासबाट आमनागरिकको जीवनयापन र आवागमनमा सहजता पुग्ने मात्र नभई नेपालको अन्तर्राष्ट्रिय व्यापार प्रतिस्पर्धी बन्दै जाने, स्वदेशी उत्पादनले मुलुकभित्र तथा अन्तर्राष्ट्रिय बजारमा सहज पहुँच प्राप्त गर्ने अर्थमन्त्री पौडेलको भनाइ छ ।

उनले व्यवस्थित सहरीकरण तथा बस्ती विकाससहित सन् २०३० सम्ममा दिगो विकासका लक्ष्य हासिल गर्नमा पनि योगदान पुग्ने विचार व्यक्त गरे ।

अर्थमन्त्री पौडेलले वातावरणमैत्री एवं दिगो यातायातका लागि विद्युतीय सवारीसाधनको प्रयोग विस्तार गर्ने नेपालको नीति रहेको जानकारी गराए । यसका लागि विद्युतीय सवारीको आयातमा राजस्व सहुलियतसहित यससम्बन्धी पूर्वाधार निर्माणका कार्य अगाडि बढाइएको, मुलुकभित्रै विद्युतीय सवारीसाधनको उत्पादनका लागि अन्तर्राष्ट्रिय प्रविधि तथा लगानी आकर्षित गर्ने उनको भनाइ छ । आजदेखि सुरु भएको ग्लोबल सस्टेनबल ट्रान्सपोर्ट फोरमको कार्यक्रममा नेपाललगायत विभिन्न देशका उच्च राजनीतिक तहका प्रतिनिधिमण्डलको सहभागिता छ ।

***» उपप्रधानमन्त्री पौडेल र चिनियाँ समकक्षी लिफेङबीच भेटवार्ता***

उपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल र चीनका उपप्रधानमन्त्री हि लिफेङबीच चीनको राजधानी बेइजिङमा भेटवार्ता भएको छ। सो भेटमा दुई देशका आपसी हित र सहयोगबारे छलफल भएको छ ।

भेटमा चीनका उपप्रधानमन्त्री लिफेङले चीन सरकारको तर्फबाट विगतमा गरिएका घोषणा एवं सहमतिबमोजिम सहयोगका परियोजनाहरुको कार्यान्वयनलाई तीव्रता दिने बताए ।

» ***बाँकी ३ पेजमा***

## बुटवलमा सरसफाइ अभियान



बुटवल । बुटवल उप-महानगरपालिकाले सरसफाइ अभियान सुरु गरेको छ । चाडबाडलाई लक्षित गरेर बुटवलले बसपार्क, मुख्य सडकहरु र सार्वजनिक स्थलहरु सरसफाइ अभियान सुरु गरेको हो ।

अभियानको सुरुवात गर्दै बुटवल उप-महानगरपालिकाका प्रमुख खेलराज पाण्डेयले यो अभियानलाई नियमित बनाइने बताए । उनले बुटवललाई सफा राख्नका लागि सबै क्षेत्रको साथ र सहयोग आवश्यक पर्ने बताए । उनले बुटवललाई सफा, सुन्दर र हरियाली शहरका रुपमा स्थापित गरी पर्यटकीय विश्रामस्थलको रुपमा विकास गर्न गत आर्थिक बर्षदेखि हरियाली र उज्यालो बुटवल अभियान सुरु गरिएको प्रमुख पाण्डेयले जनाए ।

बुटवलको ऐतिहासिक, व्यापारिक, आर्थिक महत्त्वलाई जोगाउँदै पर्यटकीय विश्रामस्थलको रुपमा विकास गर्ने मुख्य लक्ष्यसहित सरसफाइ तथा हरियाली अभियान र उज्यालो बुटवल अभियान सञ्चालन गरिएको नगरप्रमुख पाण्डेयले बताए । अभियानलाई सफल बनाउन नगरवासी, टोल विकास संस्था, राजनीतिक दल, सामाजिक संघसंस्था तथा सरोकारवाला निकायहरूलाई साथमा लिएर अगाडि बढेको उनले बताए ।

अभियानमा सरिक हुन जनप्रतिनिधिहरूसँगै कर्मचारी, नगरवासी, नेपाल प्रहरी, नेपाली सेना, सशस्त्र प्रहरी, ट्राफिक प्रहरी, सामाजिक संघसंस्थाहरु, राजनीतिक दल, स्वयंसेवी संस्थाहरूलाई आह्वान गरेको उपप्रमुख सावित्रादेवी अर्याललले बताइन् । उनले नगर सफा रहेमात्रै नागरिक स्वस्थ रहने भएकाले घरघरबाटै सहर सफा राख्ने अभियान नियमित हुनुपर्ने जनाइन् ।

अभियानअन्तरगत यही असोज ११ गते कालिका स्कुलदेखि बसपार्कसम्म, १८ गते बसपार्कदेखि ट्राफिक चोकसम्म, कात्तिक २ गते ट्राफिक चोकदेखि गोलपार्कसम्म, ९ गते गोलपार्कदेखि तल्लो सिद्धबाबा मन्दिरसम्म र कात्तिक २३ गते योगीकुटीदेखि कालिका स्कुलसम्म सरसफाइ गरिनेछ ।

यस्तै कात्तिक ३० गते कालिका स्कुलदेखि बसपार्कसम्म र भित्री सडक, वडा क्षेत्र र सार्वजनिक स्थलहरुमा नियमित सरसफाइ गर्ने कार्यक्रम रहेको प्रमुख प्रशासकीय अधिकृत मित्रमणि खनालले जानकारी दिए ।



## सम्पादकीय

# भ्रष्टाचार नियन्त्रण गर्न रणनीतिक योजना

लुम्बिनी प्रदेशले भ्रष्टाचार नियन्त्रण गर्न पाँच वर्षे रणनीतिक योजना अघि सारेको छ । विषयगत क्षेत्रलाई प्राथमिकतामा राख्दै रणनीतिक योजनाको मस्यौदा छलफलका लागि सार्वजनिक छ । भ्रष्टाचार मौलाउँदै जाँदा आम नागरिकमा निराशा बढेको र व्यक्तिले गर्ने कमजोरीले शासन प्रणालीप्रति प्रश्न उठेको छ । शासन प्रणालीप्रति नै प्रश्न उठ्न थालेपछि भ्रष्टाचार नियन्त्रण गर्न तहगत सरकारले पहलकदमी लिनु सर्वोत्तम कदम हो, जुन लुम्बिनी प्रदेशका मुख्यमन्त्री अग्रसर भएका छन् । यसले स्वाभाविक रुपमा सरकार र प्रणालीप्रति आम नागरिकको सकारात्मक प्रभाव पार्ने छ ।

भ्रष्टाचार नियन्त्रणसम्बन्धी पाँच वर्षे रणनीतिक योजनालाई असोज महिनाभित्र मन्त्रिपरिषद्बाट निर्णय गरेर कार्यान्वयनमा लैजाने सरकारको तयारी छ । लुम्बिनी प्रदेशमा नयाँ सरकार गठन भएपछि पूर्व विशिष्ट व्यक्तिहरुलाई दिने सेवा सुविधा खारेज भएको छ । मुख्यमन्त्री, मन्त्रीहरुलाई आचारसंहिता पालनामा प्रतिबद्ध बनाइएको छ । कर्मचारीलाई १४ बुँदे निर्देशन जारी गरेर सुशासन र जवाफदेही बनाउन खोज्नु शासन प्रणाली सञ्चालनमा सुधारको संकेत हो ।

भ्रष्टाचार नियन्त्रणका लागि रणनीतिक योजना तयार गरी कार्यान्वयनमा ल्याउने वित्तिकै त्यसको प्रभाव वृहत्तर हुने आशा गर्न सकिन्छ । लुम्बिनी प्रदेश सरकारले प्रस्तावको रुपमा अघि बढाएको भ्रष्टाचार नियन्त्रण रणनीतिक योजनामा प्रदेशमा सुशासन कायम गर्न तथा भ्रष्टाचार नियन्त्रण गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उच्चस्तरीय अनुगमन संयन्त्र निर्माण गर्ने विषयाई उच्च प्राथमिकतामा राखिएको छ । व्यवसायिकता अभिवृद्धि, सार्वजनिक सेवा प्रवाह, वित्तीय अनुशासन, आयोजना कार्यान्वयन, कानुन तर्जुमा तथा कार्यान्वयन,पारदर्शिता, सामाजिक जवाफदेहीता तथा उत्तरदायित्व प्रवर्द्धन, सार्वजनिक खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्ति व्यवस्थापन, अनुगमन तथा मूल्यांकन, समन्वय, सहकार्य तथा साझेदारीलाई विषयगत क्षेत्रको रुपमा तोकिएको छ ।

आयोजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउन संयन्त्रको विकास र संस्थागत गरिने, शासकीय गतिविधिहरुमा सरोकारवालाहरु तथा नियमनकारी निकायहरुसँगको सहकार्य तथा साझेदारीलाई प्रवर्द्धन गरिने प्रस्ताव गरिएको छ । यी योजना कार्यान्वयनका लागि के के कार्यक्रम गर्ने भन्ने विषय पनि रणनीतिमा समेटिएको छ ।

वधाई तथा शुभकामनालगायतका कार्यक्रममा आयातित खादा, माला, फूललगायत अनुत्पादक सामग्रीहरुको प्रयोग नगर्ने, स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्ने गरी मात्र उपयोग गर्ने, सार्वजनिक निकायहरुमा पारदर्शिता तथा जवाफदेहिता अभिवृद्धिका लागि सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण कार्यलाई अनिवार्य गर्ने, हरेक निकायमा उजुरी तथा गुनासो व्यवस्थापनको लागि प्रभावकारी संयन्त्र विकास गर्ने, वेबसाइट तथा सामाजिक सञ्जालको माध्यमबाट समेत गुनासो गर्न सकिने व्यवस्था मिलाउने उल्लेख छ । अहिले प्रदेश सरकार मातहतका विभिन्न कार्यालयका वेबसाइट नियमित छैनन् । त्यो प्रवृत्तिलाई अन्त्य गर्नुपर्छ ।

सुशासन कायम हुँदा शासन प्रणाली बलियो हुन्छ, नागरिकले राम्रो सेवा प्रवाह पाउन सक्छन्, जसले समाजमा बढ्दो अराजकता रोक्न बल पुर्‍याउने छन् । तसर्थ यो रणनीतिलाई छिटो लागू गर्नुपर्छ । कार्यान्वयन भए नभएको र त्यसको प्रभावबारे अनुगमन आवश्यक छ ।

# रवि, सहकारी र कानुनी कारबाहीको सवाल



झपेन्द्र जिसी

सदाचारिता, राष्ट्रवाद, राष्ट्रिय स्वाधीनता, लोकतन्त्र र गणतन्त्रको पक्षमा रवि दाइ खुब बोले, कति बोले ? कसरी बोले ? मापन गर्न सकिने त कुरै भएन । मानौं उनको बोलीमा विना बादल असिना पार्न सक्ने उर्जा थियो । चुम्कीय शक्ति ! विना बादल बज्र फुटेर बिजुली चम्किन सक्ने खालको वाकपटुता, क्षमता, थियो जस्तो लाग्थ्यो !

सर्वसाधारण जनताले कसैले साह्रै दुःख कष्ट दियो भने सराप्छन् -तँलाई हैजाले खाने मूर्दादार । तेरो वंश विनाशै होस् । तँलाई सेतो कपडामा हरियो चोयाले टनटनी कसेर हरियो बाँसको डोलामा घाटतिर लैजाँदै गरेको देख्न पाम् ! यस्तै यस्तै वाक्य वाक्यांश र शब्दले सत्तोसराप गर्नेछन् । सुन्नेलाई शुरुमा असहज लाग्न सक्छ- कति असभ्य रहेछन् यी मान्छेहरु ! तर यसको गरिहाइमा कमै जाने गर्दछन् ।

हाम्रो समाजमा जो अति धर्मवादी, अति शान्तिवादी, अति उदारवादी देखिन्छन् ती देखिए जस्ता नहुन सक्छन् । धर्मको नाममा तृपन्ताम गर्ने व्यवसायिक पेशा बनाएर कमाउने जमाउने र रमाउने प्रवृत्ति पनि चर्को छ ।

भ्रष्टाचारी र भ्रष्टाचार परित्जय छन् । जो बढी भ्रष्टचारको चर्को विरोध गर्दछ, ऊ नै स्वयं बढी भ्रष्टाचारी भएका उदाहरण हाम्रा समाजमा धेरै छन् । उदारणार्थ- छिःछिः नेपालमा के बस्नु भन्दै नेपाली राष्ट्रियताको पहिचान नागरिकता परित्याग गरेर अमेरिका बसाइँ सरेका रवि लामिछाने लामो समयपछि फेरि नेपाल आए । नेपालमा किन आए ? कसले पठाएर आए ? नेपालमा आएर उनले पत्रकारिता पेशा अवलम्बन गरेको देखियो । उनले नेपालको राजनीतिक नेताहरुमा रहेका प्रवृत्तिगत बदमासी र त्यसखाले चरित्रका भण्डाफोर गर्न थाले । थोरै समयमै त्यसखाले जनताबाट खास गरिकन युवा जगत्मा लोकप्रिय बन्न सफल पनि भए । युवाहरुलाई उनले प्रशिक्षित गरे वा उनले एउटा नारा दिए- 'गालामा दाह्री काँधमा जिम्मेवारी ।'

केही असंगठित, केही उत्साही नौजवानहरु पनि उनको पछि लागे । यसरी उनी अब रवि लामिछाने मात्र होइन । रवि दाइ भए । हाइ ! हाइ !! रवि दाइ ! क्रमशः युवाहरुको तनमा, मनमा रक्तकणहरुमा भरिन थाले । रवि दाइ पनि मख्ख भए । अब उनले आफूलाई म यो धर्तीको मान्छे होइन म त अर्कै लोकबाट आएको अलौकिक मान्छे हुँ भन्ने बुझाइ बन्यो । विश्व विजेता बनेर विश्व वादशाह बन्ने नेपोलियनको जस्तो इच्छा उनमा प्रकट भयो । अब आफू नेपालको प्रधानमन्त्री मात्र होइन राष्ट्रपति, देशपति सर्वपति बन्ने महत्वकांक्षा जाग्यो ।

फलस्वरुप टेलिभिजनमा घोक्रो फुट्ने हो कि जस्तो गरी जोडस्वरले बोल्ने 'रवि दाइ' एक दिन घोषणा गरे-'अब म आफू भोलिदेखि मिडियाकर्मीको हैसियतले प्रस्तुत नहुने घोषणा गर्दछु ।

नभन्दै भोलिपल्ट उनले पार्टी खोले- रास्वपा, (राष्ट्रिय स्वतन्त्र पार्टी)। गालामा दाह्री काँधमा जिम्मेवारी भनेर केही उनका हुल उफ्रिन थाले । यही अनुसार लहैलहैमा बुझ्दै नबुझी थुप्रै युवाहरु रवि दाइको पार्टीको मान्छे नभए पनि दाह्री पालेका छन् । स्मरण रहोस् शुरुमा त रवि दाइले यो पनि घोषणा गरेका थिए- आफ्नो पार्टीको कुनै पनि जनवर्गीय संगठन हुने छैन । बनाइने छैन भनेर घोषणा समेत गरेका थिए । यस्तो घोषणा रविदाइले किन गरे । गर्नुको मकसद पछिल्ला दिनभर खुल्दै गएको छ । पार्टीभित्रको आर्थिक घोटला र स्वेच्छाचारिताको रहस्योउद्घाटन उनकै महासचिव मुकुल ढकालले गरेपछि थाहा भयो । क्रमशः रवि दाइमा म नै राज्य हुँ (आइएम द स्टेट) भन्ने मान्यता भन्ने रहेछ । एकल निर्णय गर्नका लागि आफैं सर्वेसर्वा हुन पाउनुपर्छ । कहाँको जनवर्गीय संगठनको कुरा अहिले रास्वपाभित्रका कार्यकर्ताले भन्दैछन् ।

त्यसो त रवि दाइ नजान्ने मान्छे होइन । निकै दिग्ज मान्छे हुन् । दिग्ज र खप्पिस भएकै कारण उहाँ नेपाली नागरिकता त्यागिसकेको मान्छेले पुरानै नागरिकता निर्वाचन आयोग समक्ष पेश गरेर रास्वपा दर्ता गर्नुभयो । विचरा राष्ट्रिय निर्वाचन आयोग ! हेरेको हेर्‍यै ! यताउता गरे ओंठमा दाह्री काँधमा जिम्मेवारी छ भन्नेहरुले के कस्तो गर्ने छन् भन्ने डर ! त्यसैले पुरानो बासी नागरिकता पेश गरेर चुनावमा उठ्नु भयो । विपक्षमा बोल्न सक्ने को ? हाइ ! हाइ !! रवि दाइको गगन भेदी नारा गुञ्जिन युवाहरुको ताँती ! रविको घण्टीमा यसरी नै मत पर्‍यो । शान दार विजय रविदाइको ! यो जित कसको ? रविको ! रवि दाइ कसको ? युवाको ? रविदाइ कसको ? जनताको हाम्रो गालामा दाही छ । काँध काँधमा जिम्मेवारी छ । यो हार कसको प्रतिक्रियावादीको !

सदाचारिता, राष्ट्रवाद, राष्ट्रिय स्वाधीनता, लोकतन्त्र र गणतन्त्रको पक्षमा रवि दाइ खुब बोले, कति बोले ? कसरी बोले ? मापन गर्न सकिने त कुरै भएन । मानौं उनको बोलीमा विना बादल असिना पार्न सक्ने उर्जा थियो । चुम्कीय शक्ति ! विना बादल बज्र फुटेर बिजुली चम्किन सक्ने खालको वाकपटुता, क्षमता, थियो जस्तो लाग्थ्यो !

तर एउटा युवराज भन्ने कानूनी विशेषज्ञले रवि गैर नागरिक भएकाले, सांसद पद खारेज होस् भनेर अदालतमा मुद्दा दिंदा भए । मुद्दा वास्तवमा सानोतिनो बज्र वा चिर्को थियो र त्यो चिर्को उनकै थाप्लामाथि पर्‍यो र सांसद पद चिलिम च्वाँट भएको फैसला अदालतले गर्‍यो ।

रवि दाइ किन पो डराउँथे र ? रवि भनेको त प्रचण्ड तातो उज्यालो रवि हो । त्यसैले लाज शर्म घरको खोपामा राखेर सिडियो कार्यालयमा गई नागरिता लिंदा भए । रवि दाइ, हाइ हाइ पुनः भए, युवराजहरु हिस्स बुढा हरियो दाँत भए !

१०. भयो फेरि उपनिर्वाचन ! कुन शक्तिले हराउन सक्थ्यो र रविदाइलाई ! शक्ति त अमेरिकन हो ! अमेरिकामा बसी, पुष्टकारी सेवन गरी बलिष्ट भएर आएक रविदाइ ! विचार, सिद्धान्त, दर्शन, लक्ष्य, उद्देश्य, भिजन, मिसन, नास्ति रवि दाइ !

पुरानै निर्वाचन क्षेत्र चितवनबाट चुनावमा प्रतिनिधिसभा सदस्यका लागि उठे, प्रतिस्पर्धा गर्ने भए । हाइ हाइ रवि दाइ गगन भेदी नारा, मर्त्यभेदी नारा, बतासभेदी नारा, गुञ्जायमान भयो ! मोटरको ताँती ! यसरी ताँती लाग्यो कि मुन्छे त उनको पछि लागे पछि त देश झिलीमिलीझाँइ नै हुनेछ । २-४ दिनमा विकासको लोला, डाँडाकाँडा भीरपाखा, गाउँगाउँमा, शहर बजारमा वारवारतै हुनेछ भन्ने भान भयो मतदातालाई ।

हाम्रो संविधान त्यस्तै छ । मतदाता यस्तै छन् । नेता, कार्यकर्ता यस्तै छौं र छन् । एउटा दलले आवश्यक बहुमत पाएर एकल सरकार बनाउन प्रायशः असम्भव छ ।

त्यसैले ससाना दलले राम्रै गरी वार्गिनिङ्ग गर्न सक्ने अवस्था छ । गृहमन्त्री नभई हुन्न, प्रधानमन्त्री नभई हुन्न,वा अमुक अमुक मन्त्री पद नपाएसम्म तेरा सरकारमा बसिन्न, अर्को पक्षमा गइन्छ, उता मागेको मन्त्री पद पाइसकिएको छ । यसरी दङ्गलाउने काम भए ।

जस अनुरुप रवि दाइले गृहमन्त्री पद पड्काउनु भयो । भ्रष्टाचार र भ्रष्टाचारीको फायल खोल्छु भनेर भाषण फुकुनु भयो । सहकारी प्रकरणमा तपाईं मुछिनु भएको, सूर्यदर्शन सहकारी, गोरखा मिडिया आदिमा तपाईंले गरेको भ्रष्टाचारको फाइल सर्वप्रथम तपाईंले खोल्ने भन्दा मान्नु भएन । संसदीय छानविन आयोग बनाएर आफ्नो थाप्लामा तरबार झुण्डाउन को चाहन्थ्यो र !

सरकार गठन पुनर्गठनको मुसा, विरालाको खेल चल्दै थियो । यसैबेला नेका एमाले संसदका ठूला दलले सरकार फेरे, सरकार बनाए ।

सासद सूर्य थापा नेतृत्वको सहकारी छानविन आयोगले अनुसन्धान गर्दै जाँदा रवि दाइ समेत सहकारीको रकम अपचलनमा बेसरी लागेको रिपोर्ट सार्वजनिक भएको छ ।

रवि दाइले त क्लिन चिट पाएँ भन्दै अन्तरवार्ता दिदै हुनुहुन्छ र मिडियाकर्मीले अन्तरवार्ता लिदै हुनुहुन्छ ।

अब के होला ? रवि दाइ हाइ हाइ होला कि बाइ बाइ ! होला ? भ्रष्टचारी जो कोहीलाई यथोचित कारबाही होला कि नहोला ?

सार संक्षेपः

भ्रष्टाचारी मूर्दारहरुको नाश होस् ।

सदाचारीको देशभित्र बास होस् ।

हाम्रो देशमा राजकता मात्र होइन अराजकताले पनि बास गरेको छ । अराजकता भनेको अनुशासनहीनता हो । अनुशासनहीनहरु हुँइया गर्दा अनुशासितहरुले ह्वा गर्नु राम्रो होइन । यस्तो हुइयालाई स्याल हुइया भन्दछन् ।

अर्काको आङको जुम्रो देख्ने र घनघोर विरोध र गर्ने र आफ्नो आङको बाघ, चितुवा, ब्याँसो, नदेख्ने नेपाली जनता र राष्ट्रका महादुष्मन हुन् । तर अरु टिप्पणी गर्नु भन्दा पहिला उसको गल्ती औंल्याइदिनु मानवको कर्तव्य हो । गल्ती औंल्याइदा नस्वीकार्ने महा भ्रष्ट र राष्ट्रघाती हो । तर हामी कहाँ २-४ दर्जन जनप्रतिनिधिहरु र कर्मचारीले भ्रष्टचार गर्दा आम रुपमा सबैलाई नाङ्गेझार पार्ने प्रवृत्ति छ । यस्तो अनुभूत हुन थालेको छ । कि हामी सबै बदमास हौं र भ्रष्टाचारी हौं । सारतः नेपाल देश नै भ्रष्टचार गर्छ भनेझैं भएको छ । देशले भ्रष्टचार गर्दैन र देश भ्रष्टाचारी छैन । तर जो जो भ्रष्टाचारी प्रमाणित हुन्छन्,तिनलाई कानून बमोजिम कारबाहीको दायरा ल्याउन ढिला भएको छ ।

सारतः लोकभाषामा भन्नुपर्दा भ्रष्टाचार मूर्दारवाद ।

भ्रष्टाचारी मूर्दारवाद !!

सदाचार जिन्वावाद ! सदाचारी जिन्वावाद !!

## टिप्स / जानकारी

# डेंगु के हो ? १० लक्षण र बच्ने उपाय



डेंगु एक प्रकारको ज्वरो हो । यो लामखुट्टेको टोकाइबाट सर्ने संक्रामक रोग हो । डेंगुको भाइरसद्वारा संक्रमित भएको एडिस एजिप्टाई जातको पोथी लामखुट्टेले यो रोग सार्दछ । यो रोग सार्ने लामखुट्टे ग्रामीण क्षेत्रभन्दा शहरी क्षेत्रमा बढी पाइने गर्दछ ।

यसले स-साना सफा पानी जमेको स्थानमा फूल पार्ने गर्दछ । खास गरी वर्षाको पानी जम्ने टीनका डब्बाहरू, रंगका खाली डब्बा, थोत्रो टायर, अलकत्रा वा मट्टितेलका खाली ड्रमहरू, फुलदानी, गमला, पानीका ट्यांकी आदिमा यस्ले फुल पार्दछ । शहरी क्षेत्रमा यस्ता वस्तुहरू पर्याप्त मात्रामा हुने भएकाले पनि यो लामखुट्टे शहरमा बढी देखिएको बताए ।

डेंगु एडिस एजेप्टाइ र एडिस एल्वौपेक्टस नामक लामखुट्टेले टोकेर हुने तीव्र भाइरल संक्रमण हो । यो भाइरस डेंगु १, डेंगु २, डेंगु ३ र डेंगु ४ गरी चार प्रकारका हुन्छन् । एडिज लामखट्टे कालो रंगको हुन्छ, जसमा सेतो थोप्लो पनि देखिन्छ । यो लामखुट्टेले विशेषगरी दिउँसो टोक्ने गर्दछ । औलो उत्पन्न गर्ने लामुखट्टे फोहोर पानीमा पाइने भए पनि डेंगु सार्ने लामखुट्टेले थुप्रै दिनदेखि हलचल नभएको स्वच्छ पानीमा फुल पार्छ ।

डेंगु रोग क्लासिक डेंगु, हेमोरेजिक र साक सिन्ड्रोमगरी तिन प्रकारका छन् । क्लासिक डेंगु सामान्य प्रकारको डेंगु हो । यो आफैं निको हुन्छ, मृत्युको सम्भावना कम हुन्छ । तर यदि कुनै व्यक्तिलाई डेंगु हेमोरेजिक ज्वरो वा डेंगु साक सिन्ड्रोम भएको छ भने यसको उचित प्रकारले उपचार नगरे मृत्यु हुन सक्छ ।

स्वास्थ्य संस्थामा यसको लक्षणअनुसार उपचार गरीन्छ । ज्वरो घटाउन सिटामोल खानुपर्छ तथा प्रशस्त झोल पदार्थ खानुपर्छ । तर ज्वरो घटाउने भनेर एस्पीरीन तथा आईबुप्रोफेन भने खान हुँदैन । डेंग ज्वरो विरुद्धको खोप तथा खास उपचार समेत नभएको हुँदा लामखुट्टेको टोकाइबाट बच्नु नै यस रोगको बचावटको मुख्य उपाय हो । डेंगु ज्वरोको शंका लागेमा हुन सक्ने जटिलताबाट बचाउन तत्काल नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क राख्नु पर्छ ।

**लक्षण**

डेंगु ज्वरोको मुख्य लक्षण भनेको एक्कासी उच्च ज्वरो आउनु हो । यो ज्वरो ५ देखि ७ दिनसम्म रहन सक्छ । ज्वरोका साथै निम्न लक्षणहरू पनि देखा पर्दछ ।

- असाध्यै टाउको दुख्ने
-आँखाको गेडी तथा आँखाको पछिल्लो भाग दुख्ने
-ढाड, जोर्नी तथा मांसापेशिहरू दुख्ने
-शरीरमा बिमिरा आउने
-वाकवाकी लाग्ने
- पेट दुख्ने
- नाक वा गिजाबाट रगत बग्ने
- रक्तश्राव हुने वा शरीरमा रगत जमेको दागहरू देखापर्ने, बेहोश हुने आदि लक्षणहरू पनि देखा पर्न सक्छ ।

बच्ने उपाय

-डेंगु ज्वरोबाट बच्न लामखुट्टेको टोकाइबाट बच्नुका साथै लामखुट्टेको वृद्धि रोक्नु पर्छ ।
-पानी जम्न सक्ने भाँडाहरू जस्तै गमला, फुलदान, खाली बट्टा, अलकत्रा वा मट्टितेलका खाली ड्रमहरू, गाडीका काम नलाग्ने टायरहरू आदिमा पानी जम्न नदिने
-पानीको ट्याङ्किलाई लामखुट्टे प्रवेश गर्न नदिने गरि छोपेर राख्ने
-कुलरमा रहेको पानीमा प्रत्येक हप्ता एक दुई चम्चा मट्टितेल हालिदिने साथै जम्मा भएको पानी सफा गर्ने
-फुलदानिमा रहेको पानी हप्तामा दुई पटक फेर्ने
-यस लामखुट्टेले दिउँसो टोक्ने हुँदा दिउँसो बस्दा बाहुला भएको वा शरीर ढाकिने लुगा लगाउनुपर्छ
-सम्भव भएसम्म दिउँसो सुत्दा पनि झुल प्रयोग गर्नु पर्छ, साथै साना केटाकेटिलार्य जुनसुकै समयमा पनि झुल भित्र सुताउनु पर्दछ ।
-लमखुट्टेको टोकाइबाट बच्न लामखुट्टे भगाउने मलहम दल्न पनि सकिन्छ
-घरका झ्याल ढोकामा जाली लगाउनु उपयुक्त हुन्छ
-घर वरिपरि सफा सुग्घर राख्ने, पानी जम्ने खाल्टा खुल्टी पुर्ने गर्नु पर्छ ।

स्वास्थ्य खबरबाट

# नेप्से परिसूचकमा ४९ अङ्कको वृद्धि



काठमाडौँ । धितोपत्र बजारमा बुधबार शेयर कारोबार मापक नेप्से परिसूचक ४९ दशमलव १८ अङ्कले बढेको छ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से)का अनुसार परिसूचक ४९ दशमलव १८ अङ्कले उकालो लागेर दुई हजार पाँच सय १९ दशमलव ५७ विन्दुमा सीमित भएको हो ।

अघिल्लो दिन रु पाँच अर्ब ६८ करोड ९५ लाख ६१ हजार तीन सय ५६ मूल्यमा खरिद बिक्री भएकामा भने चार अर्ब ८१ करोड ३२ लाख २३ हजार चार बराबरको कारोबार भएको छ ।

कुल एक करोड २४ लाख ९४ हजार नौ सय ८९ कित्ता शेयर खरिदबिक्री हुँदा अघिल्लो दिनको तुलनामा शेयर करोबार भने खुम्चिएको नेप्सेले जनाएको छ ।

बैङ्किङ १.८, विकास बैङ्क २.७५, फाइनान्स ३.८०, होटल तथा पर्यटन ३.५०, हाइड्रोपावर २.६०, लगानी १.५६, जीवन बिमा १.९१, उत्पादन १.४४, माइक्रोफाइनानस १.४९, निर्जीवन बिमा १.६७, अन्य १.७५ र व्यापार समूह १.७८ प्रतिशत बढेका छन् ।

विन नेपाल लघुवित्त, न्यादी हाइड्रोपावर, युनिक नेपाल लघुवित्त, सगरमाथा जलविद्युत् र थ्रीस्टार हाइड्रोपावरको शेयर मूल्य १० प्रतिशत बढेको नेप्सेले जनाएको छ ।

# बाँदर आतंक रोक्न बन्यो कार्यदल

**रामकुमार श्रेष्ठ**
*नवलपुर*

नवलपुर जिल्लाको बौदीकाली गाउँपालिकाको १ र २ नम्बर वडाका अधिकांश गाउँमा बाँदरले आतंक मच्चाएपछि अहिले गाउँ पुरै सुनसान जस्तै छ। जंगलछेउका गाउँमा बाँदर आतंककै कारण खेती पाती गर्न नपाएपछि गाउँका मानिसहरु अन्त बसाई सरेका छन् भने जंगल छेउका गाउँ खालेपछि बाँदरहरु जंगलदेखि भित्रका गाउँमा पनि पस्न थालेका छन्।

बौदीकाली २ डेढगाउँका स्थानीय बासिन्दा मनोज कोइरालाका अनुसार अहिले पहाडी क्षेत्रका माथिल्लो बस्तीहरु रित्तिँदै गएपछि बाँदरहरु तल्लो बस्तीमा पनि पस्न थालेका छन्। गाउँमा १ जना घर छाड्नै नहुने गरी घर र बारी पालैपालो कुर्न बाध्य हुनु परेको मनोज कोइरालाले बताए।

गाउँमा अलिअलि भएका बासिन्दा बाँदरले खेती गर्न नदिएपछि गाउँ छाड्दा त्यसको असर जंगलभन्दा परपरको गाउँमा पनि पर्न थालेको छ। त्यसो त पहिला गाउँघरमा रहेका भरुवा बन्दुक, एक नाले बन्दुक पड्काउँन पाउँदा बाँदर भगाउन सजिलो भए पनि अहिले प्रहरी प्रशासनले त्यो पनि रोकेको कारण बाँदर थपाउनै नसकिएको बौदीकाली १ का टकबहादुर कार्की क्षेत्री बताए। बाँदर धपाउनकै लागि दौडधुप बढेपछि कतिपय खेती गर्न छाडेका छन् भने कतिपयले बाँदरले नखाने खेती छानी छानी गर्न बाध्य भएका छन्। गाउँमा बाँदर आतंक बढ्नुको मुख्य कारण बसाईसराइ भए पनि बाँदर आतंककै कारण पनि बसाईसराइ बढेको छ। बौदीकाली गाउँपालिका अध्यष प्रकाश ओझाले गाउँमा बाँदर आतंक बढेपछि यसलाई कसरी नियन्त्रण गर्ने भनेर कार्यदल नै गठन गरेको बताए। गाउँपालिका अध्यक्ष ओझाले गाउँमा बाँदर आतंक बढेसँगै चितुवा पनि आउन थालेर गाउँले थप त्रसित हुनु परेको बताए।

त्यसो त पहाडी क्षेत्रका बस्तीमा बाटोघाटो स्वास्थ्य शिक्षालगायतको सुविधा अभावका कारण पहाडका बासिन्दाहरु बसाई सरेर तराई झर्ने वा नजिकको बजारमा बसाई सर्ने गरेका छन्, त्यसमाथि बाँदर आतंकले गाउँमै बस्न नसक्ने भएपछि भोलिका दिनमा पहाडका ग्रामीण क्षेत्रमा बचेखुचेका बस्ती रित्तिँदै जाने देखिन्छ।

---

**आर्थिक...**

उनले आगामी दिनमा नेपाललाई थप सहयोग गर्ने प्रतिबद्धता जनाए।

उपप्रधान एवं अर्थमन्त्री पौडेलले केरुङ-काठमाडौं रेल निर्माण, टोखा-छहरे सुरुङ मार्ग, किमाथाङ्का-हिले, हिल्सा-सुर्खेत-भुरीगाउँ सडक, मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय, दमक औद्योगिक पार्कलगायतका पूर्वाधार निर्माणलाई अघि बढाउन अनुरोध गरे।

त्यसैगरी चीनका विभिन्न शहरबाट भैरहवा र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा सीधा हवाई सेवा विस्तारका लागि सहयोग गर्न पनि उनले आग्रह गरेका छन्। भ्रमण टोलीमा रहेका अर्थ मन्त्रालयका प्रवक्ता महेश भट्टराईले नेपालको तर्फबाट गरिएको अनुरोधका विषयप्रति चीन सरकार सकारात्मक रहेको र कामहरु अघि बढाउने प्रतिबद्धता व्यक्त भएको जानकारी दिए।

भेटवार्तामा नेपालका तर्फबाट उपप्रधान एवं अर्थमन्त्री पौडेल, चीनका लागि नेपालका कार्यबाहक राजदूत सुरेन्द्र यादव, अर्थ मन्त्रालयका प्रवक्ता भट्टराई, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अधिकारीहरु सहभागी थिए।

चीन सरकारको तर्फबाट उपप्रधानमन्त्री हि लिफेङ, यातायातमन्त्री लि स्याओफङ, बेइजिङ महानगरका मु फङ, नेशनल रेलवे एडमिनिस्ट्रेसनका प्रमुख फे दोङ विङ, नागरिक उड्डयन प्रमुख सोङ च्योङलगायतका अधिकारी सहभागी थिए।

---

## Purbakhola Rural Municipality
**Office of the Rural Municipal Executive**
**Purbakhola, Palpa**
**Lumbini Province, Nepal**

# Invitation for Online Bids

**Contract ID:-EGP/NCB/UG/PRM/03/2081-82**
**Date of publication: 2081/06/10(Sep26, 2024)**

Purbakhola Rural Municipality Office, Purbakhola ,Palpainvites electronic bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egpfor following work under National Competitive Bidding system. All other information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp

**Information to deposit the cost of bidding document in Bank:**

*Name of the Bank: Global IME Bank Ltd., Purbakhola Palpa*
*Account No.:14604010000009*
*Account name: GA.1.1 AANTARIK RAJASWO KHATA PURBAKHOLA*
*Name of the Office: Purbakhola Rural Municipality Office, Purbakhola , Palpa*
*Bid Validity Period: 90 days after Bid Opening*
*(bidder's should submit Bid security through bank guarantee only)*

| Contract No. | Name of Project | Estimated Amount inclu-sive VATand PS | Price of Bid Document, NRs. | Bid Security Amount, NRs. | Last Date of Bid Purchase and Submission |
|---|---|---|---|---|---|
| EGP/NCB/ UG/PRM/03/ 2081-82 | Hatiya Janmarga Ma.Vi Sadak Staraunnati Yojana | 1,54,41,402.24 | 3000.00 | 405,000.00 | 2081/07/11 12.00 Pm (27/10/2024). |

*Chief Administrative Officer*
*Purbakhola Rural Municipality Office*

---

## Rainadevi ChhaharaRural Municipality
**Office of the Rural Municipal Executive**
**Chhahara, Palpa**

# Invitation for Bids

Date of publication: 26thSeptember 2024(2081-06-10)

1. RainadeviChhahara Rural Municipality invites electronic bids from Nepalese eligible bidders for following bids under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and bank details at the office of RainadeviChhahara Rural Municipaity, ChhaharaPalpawebsite www.rainadevichhaharamun.gov.npor may visit PPMO website www.bolpatra.gov.np/egp.
3. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
4. All other terms and conditions will be as per Nepal Government's Prevailing Procurement Act and Regulations.

| S.N | Contract ID | Work Description | Bid Submission Date | Bid Opening Date | Bid Validity and Bid Security Validity | Bid Security Amount | Cost of Bidding Document |
|---|---|---|---|---|---|---|---|
| 1 | RRM/PAL/G/ NCB-03-081/82 | Purchase Supply and Delivery of Medical Items | 11thKartik 2081 12:00PM | 11th Kartik 2081 1:00PM | 90 & 120 days | Rs. 55,000.00 | Rs.3,000.00 |

Chief Administrative Officer

---

## Jhimruk Rural municipality
**Office of the Rural Municipal Executive**
**Bhyagute, Pyuthan**
**Lumbini, Province, Nepal**

# Invitation for Bids

**Date of Publication: 2081/06/10 (AD 26/09/2024)**

1. Jhimruk Rural Municipality, Bhyagute, Pyuthan invites electronic bids from Nepalese eligible bidders for the Procurement of following Project under National Competitive Bidding procedures.

| S.N. | Contract ID No | Description of Work | Estimated Amount (Including Vat & Ps). | Bid Security Amount | Bid Document Cost |
|---|---|---|---|---|---|
| 1 | IFB No.: JRM/NCB/ WORKS/01/2081/082 | Upgrading of Nabbe Bhedabari Narikot Motarbato | NRs. 6,798,140.00 | NRs. 200,000.00 | NRs. 3,000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Jhimruk Rural Municipality, Bhyagute, Pyuthan, or Contact (mobile number 9857836005, 9849612948) or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Electronic bids must be submitted to the office through PPMO website www.bolpatra.gov.np/egpo or before 12 Hours on 2081/07/11 (AD 27/10/2024). Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2081/07/11 (AD 27/10/2024), 2:00 pm at the office of Jhimruk Rural Municipility Ofice of Rural Municipal Executive, Bhyagute Pyuthan. Bids must be valid for a period of 90 Days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of Rs. 200,000.00 which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 120 Days)
5. Information to deposit the bid security and cost of bidding document in bank.

| Account Name | Bank name | Account number |
|---|---|---|
| JHIMRUK GA.PA GA-1.1 ANTARIK RAJASWA KHATA | Citizens Bank International Ltd., JHIMRUK | 0750100000001202 |
| JHIMRUK GA.PA GA-3.1 ISTHANIYA TAHA DHARAUTI KHATA | Citizens Bank International Ltd., JHIMRUK | 0750100000136201 |

6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative officer**

---

## Baganaskali Rural Municipality
**Office of Rural Executive**
**Chirtungdhara, Palpa**

# Invitation for Online Bids

**Date of publication: 2081/06/10 (Sep 26,2024)**

Baganaskali Rural Municipality Office, ChirtungdharaPalpainvites electronic bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egpfor following work under NCB system. All other information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp

**Information to deposit the cost of bidding document in Bank:**

***Name of the Bank: Nepal Bank Ltd., Palpa***
***Name of the Office: Baganaskali Rural Municipality Office, Chirtungdhara, Palpa***
***Bank details for Bid Document (If Cash deposit) : Nepal Bank, Limited Palpa,***
***AntarikRajaswaAccount No.:01703000001001000001***
***Bid Validity Period: 75 days***
***Bank details for Bid security ( If Cash deposit) :Nepal Bank, Limited Palpa, `***
***DharautiKhataA/C no.01703000003000000001***

| Contract No. | Name of Project | Estimated Amount WithoutVAT | Price of Bid Document, NRs. | Bid Security Amount, NRs. | Last Date of Bid Submission |
|---|---|---|---|---|---|
| BRM/PLP/ GOODS/NCB/ MEDICINE/02/ 081-082 | Supply & Delivery of Medicine at Baganaskali Rural Municipality | 1893000/- | 3000.00 | 53000 | 2081/07/11 (Oct 27,2024) at12.00 Pm |

For more information, please visit website: baganaskalimum.gov.np

**Chief Administrative Officer**
**Baganaskali Rural Municipality**


**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्क:
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
**फोन: ९८५७०५८८१३,९८०७१८०८१३**

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्र: लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार





प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टेी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्क:
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

दैनिक लुम्बिनी

# आइतबारसम्म अत्याधिक वर्षाको चेतावनी



बुटवल । मंगलबारदेखि सक्रिय बनेको मनसुनी प्रणालीका कारण बिहीबार दिउँसोबाट चार दिनसम्म देशभर भीषण वर्षा हुने भएको छ। मौसम पूर्वानुमान महाशाखाले बुधबार विशेष बुलेटिन जारी गर्दै आइतबार बिहानसम्म सातवटै प्रदेशमा भीषण वर्षा हुने र केही ठाउँमा अत्यधिक वर्षाको चेतावनी दिएको छ।

मौसम पूर्वानुमान महाशाखाले यो अवधिमा बाढीपहिरोका घटनासमेत बढ्नसक्ने भएकाले सात प्रदेशका ५६ जिल्लालाई रेडअलर्टमा राखेको छ। महाशाखाले सोमबार राति विशेष बुलेटिन जारी गर्दा बिहीबारदेखि शनिबारसम्मका लागि २७ जिल्लामा रेडअलर्ट जारी गरेको थियो।

मौसमविद् प्रतिभा मानन्धरले वर्षा गराउने प्रणाली नेपाल नजिक झन शक्तिशाली बनेकाले वर्षा हुने क्षेत्र र असर बढी पर्ने देखिएको बताइन्।

**उनले धान नकाट्न आग्रह गरिन्।**

रेडअलर्ट जारी भएका जिल्लामा रात्रिकालीन बस चलाउन रोक लगाउने निर्णय सरकारले यसअघि नै गरेको थियो। महाशाखाका अनुसार बंगालको खाडीबाट प्रवाह हुने जलवाष्पयुक्त हावा र त्यस क्षेत्रमा बनेको न्यूनचापीय प्रणालीका कारण बिहीबारदेखि आइतबार बिहानसम्म अधिकांश स्थानमा मेघ गर्जन, चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ।

कोशी, बागमती, गण्डकी र लुम्बिनीका धेरै स्थान तथा मधेश, कर्णाली र सुदूरपश्चिमका केही स्थानमा भीषणदेखि अत्यधिक वर्षाको सम्भावना छ। तराईमा हावाहुरीको समेत चेतावनी दिइएको छ।

गण्डकी र लुम्बिनीका थोरै तथा कोशी, बागमती, मधेश, कर्णाली र सुदूरपश्चिमका एक-दुई स्थानमा भने आरिघोप्टे तहको वर्षाको सम्भावना छ।

**कहिले के हुन्छ ?**

बिहीबार : बिहीबार दिउँसोदेखि देशभर हल्कादेखि मध्यम वर्षाको सम्भावना छ। कोशी, बागमती, गण्डकी तथा लुम्बिनीका थोरै स्थान तथा मधेशका एक-दुई स्थानमा भीषणदेखि अत्यधिक वर्षाको चेतावनी दिइएको छ। तराईमा हावाहुरी चल्नेछ।

शुक्रबार : शुक्रबार पनि देशभर वर्षा हुनेछ। कोशी, बागमती, गण्डकी, लुम्बिनी, सुदूरपश्चिम र कर्णालीका केही स्थान तथा मधेशका थोरै स्थानमा भीषणदेखि अत्यधिक वर्षाको सम्भावना छ। तराईमा हावाहुरीको समेत सम्भावना छ। गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिमका एक-दुई स्थानमा अत्यधिक वर्षाको चेतावनी दिइएको छ।

शनिबारः अधिकांश स्थानमा वर्षा हुनेछ। बागमती, गण्डकी, लुम्बिनी र कर्णालीका केही स्थान तथा बाँकी प्रदेशका थोरै स्थानमा भारीदेखि धेरै भारी वर्षाको समेत सम्भावना छ। लुम्बिनी, गण्डकी तथा कर्णालीका केही स्थानमा हावाहुरीको समेत सम्भावना छ।

आइतबार : आइतबार बिहानसम्म वर्षा हुनेछ। देशभर हल्कादेखि मध्यम वर्षाको सम्भावना रहे पनि आइतबार दिउँसोदेखि मौसममा सुधार आउने मौसमविद् मानन्धरले बताइन्। गण्डकी, लुम्बिनी र कर्णालीका एक-दुई स्थानमा भारी वर्षाको सम्भावना छ।

**यी हुन् रेडअलर्ट जारी भएका ५६ जिल्ला**

कोशी : झापा, मोरङ, सुनसरी, धनकुटा, तेह्रथुम, खोटाङ, ओखलढुंगा, उदयपुर, भोजपुर, इलाम र पाँचथर।

मधेश : सिराहा, सप्तरी र पर्सा।

बागमती : मकवानपुर, चितवन, धादिङ, नुवाकोट, रसुवा, काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रे, सिन्धुपाल्चोक, सिन्धुली र रामेछाप।

गण्डकी : म्याग्दी, बागलुङ, तनहुँ, स्याङ्जा, नवलपरासी पूर्व, कास्की, पर्वत, लमजुङ, गोरखा र मनाङ।

लुम्बिनी : रुकुम पूर्व, रोल्पा, गुल्मी, प्यूठान, अर्घाखाँची, पाल्पा, दाङ, कपिलवस्तु, रुपन्देही, नवलपरासी पश्चिम, बाँके र बर्दिया।

कर्णाली : जाजरकोट, रुकुम पश्चिम, दैलेख, सुर्खेत र सल्यान।

सुदूरपश्चिम र कैलाली, डोटी र अछाम।

# योजना छनोट र कार्यान्वयनलाई पारदर्शी बनाऔंः मुख्यमन्त्री आचार्य



बुटवल । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले योजना छनोट र कार्यान्वयनमा देखिएका बेथिती अन्त्य गर्न योजना छनोट र कार्यान्वयनको प्रक्रियालाई पारदर्शी बनाउन जरुरी रहेको बताएका छन्।

जिल्ला समन्वय समिति अर्घखाँचीको सन्धिखर्कमा बुधबार आयोजना गरिएको वार्षिक समीक्षा कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले तीन तहका सरकारले गर्ने हरेक काम पारदर्शी र जनताले सहजै थाहा पाउनेगरी हुनुपर्ने बताएका हुन्।

उनले विगतमा गरिएका कामको समीक्षा गर्दै भावि योजना निर्माणमा जुट्न आह्वान पनि गरेका छन्।

'मुलुक बनाउने जिम्मेवारी तपाईं हामीले नै उठाउनुपर्छ। यसका लागि तीन तहकै सरकारले आफ्ना योजनालाई परिणाममुखी बनाउन जरुरी छ,' उनले भने-'हामीले अहिलेसम्म के गऱ्यौं ? के उपलब्धि भयो ? के समस्याहरु आएँ ? अब कसरी अघि बढ्ने ? योजना बनाउन जरुरी छ।'

योजनाको समीक्षा नगरी अर्को योजना बनाउँदा सफलता नमिल्ने भन्दै समीक्षाबाटै निकास खोज्न आह्वान उनले गरे। चालु आर्थिक वर्षमा विनियोजन भएका बजेटको पूर्ण कार्यान्वयन गर्न उनले आग्रह गरेका छन्।

'प्रदेश सरकारले पुरक बजेट ल्याउला की ? बजेट रकमान्तरण गर्ला की ? भन्ने सोंचमा हुनुहुन्छ भने त्यो सोंच त्याग्नुस्। हामी पुरक बजेट पनि ल्याउदैनौं। बजेट रकमान्तरण पनि गर्दैनौं। जे बजेट आएको छ। त्यसलाई कार्यान्वयन गर्छौं,' उनले भने-'योजना कार्यान्वयन हुँदा गरिने वदमासी र चुहावटलाई रोक्न पाँच लाखभन्दा माथिका सबै योजनालाई प्रतिसपर्धाको माध्यमबाट गर्ने भनेका छौं। यो निर्णयलाई कार्यान्वयन गरेर जानैपर्छ। सबै निकायमा परिपत्र भइसकेको छ।'

जिल्ला समन्वय समितिको कामलाई प्रभावकारी बनाउन नीतिगत सुधार गर्न प्रदेश सरकारले भूमिका खेल्ने विश्वास उनले दिलाएका छन्। 'केही कानुनी बाधा छन्। ति बाधा, जटिलता फुकाउन हिउँदे अधिवेसनमा छलफल हुन्छ,' उनले भने-'जिल्ला समन्वय समितिको भूमिका बढाउन नीतिमै सुधार गर्छौं।'

स्थानीय तहको कामलाई प्रभावकारी बनाउन स्थानीय सेवा ऐनले भूमिका खेल्ने, थप्नुपर्ने विषयहरु भए संशोधन गरेर जान सकिने बाटो खुला रहेको उनले बताए। समीक्षा कार्यक्रममा प्रदेशसभा सदस्य रामजीप्रसाद घिमिरे, पूर्व मन्त्री सुशिला सेर्पाइली ठकुरीलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए। जिल्ला समन्वय समिति अर्घाखाँचीका प्रमुख जीवनाराण कोइरालाको अध्यक्षता तथा मुख्यमन्त्री चेतनारायण आचार्यको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रमको सहजीकरण जिल्ला समन्वय समितिका सदस्य कमलप्रसाद घिमिरेले गरेका थिए।

# शुद्धोधनका लोक सांस्कृतिक सम्पदाहरू विषयक पुस्तक विमोचन

लुम्बिनी संवाददाता

*बुटवल*

रुपन्देहीको शुद्धोधन गाउँपालिका गाउँ कार्यपालिकाको आयोजनमा शुद्धोधनका लोक सांस्कृतिक सम्पदाहरू विषयक पुस्तक विमोचन गरिएको छ।

गाउँपालिका कार्यपालिकाको कार्यालय मानपकडिमा एक समारोहकाबिच गाउँपालिका अध्यक्ष विष्णुप्रसाद बस्यालले विमोचन गरेका हुन्।

सह-प्राध्यापक डा.मुकुन्द शर्माद्वारा लिखित पुस्तकमा शुद्धोधन गाउँपालिकाको सामाजिक सांस्कृतिक बस्ती स्थिति, थारु जातिको सर्वेक्षण, लोक साहित्यको विधागत स्वरूप, माधोनल नाचको विधागत स्वरूप, लोकगाथाको विधागत स्वरूप, मगर तथा बाहुन समुदायका भजन तथा कला, मधेसी समुदायका प्रदर्शन कलालाई उतारिएको छ।

भाग एकको रूपमा पालिकाले प्रकाशन गरेको पुस्तकको विमोचन गर्दै अध्यक्ष बस्यालले गाउँपालिकाको विविधताको अवस्था दर्शाउनको लागि पुस्तक सहयोगी हुने विश्वास व्यक्त गरे।



रुकुमनारायण थारु, भागवत थारु, बसन्तराज बराल र पुष्पा अर्यालको क्षेत्र कार्य सहयोग तथा दयाराम थारु र अशोक थारुको अनुवाद सहयोगमा पुस्तक तयार भएको लेखक डा. शर्माले जानकारी दिए। लेखक डा.शर्माले यसअघि ६ पुस्तक प्रकाशन गरिसकेका छन्। कार्यक्रममा बोल्दै लुम्बिनी बौद्ध विश्वविद्यालय अनुसन्धान विभाग प्रमुख प्राडा गीतु गिरिले लोक संस्कृतिले पालिकाको पहिचान कायम गर्न सहज हुने विश्वास व्यक्त गरे।

कार्यक्रमका प्रमुख अतिथि समेत रहेका उनले शुद्धोधन गाउँपालिकाभित्र रहेका संस्कृतिहरुको प्रचार प्रसार र स्थायित्वको लागि सहयोगी बन्ने बताए।

कार्यक्रममा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णुबहादुर घर्ती, लुम्बिनी बाङ्मगय प्रतिष्ठानका प्रमुख ऋषि आजाद, डा.अजिद खनाल, थारु कल्याणकारी शुद्धोधन अध्यक्ष बद्री थारुलगायतले बोलेका थिए।


## Buddhabhumi Municipality

Office of Municipal Executive

Hanumanchowk, Buddhi Kapilvastu

Lumbini Province

## Invitation for Electronic Bids

Date of First publication: 26th Sep.2024

1. The Buddhabhumi Municipality, Office of the Municipal Executive, Hanumanchowk, Buddhi Kapilvastu invites electronic bids from eligible bidders for the procurementof following goods. The bidders can visit the PPMO website for the brief description with Public Entity name: Buddhabhumi Municipality Office, Kapilbastu.

| S.N. | Contract ID | Name of Projects | Estimated Amount (Inclusive/ Exclusive VAT) | Bid Security (NRs.) amount and its validity period | Account No.For Bid Security | Bid Doc fee | Account No.For Bid Doc fee. | Final Date of Bid Submission and time |
|---|---|---|---|---|---|---|---|---|
| 1 | 11/BM/POG/2081/82 | Purchases of Fire Fighting Vehicle of 4000 liter water tank with 500 liter Foam Tank | 8000000.00 (Exclusive VAT ) | 2000000.00 (120days after bid opening) | NMB Bank Ltd. GORUSINGE BRANCH , SthaniyaTaha Dharauti Khata 0440055997600041 | 3,000.00 | NMB Bank Ltd. GORUSINGE BRANCH, Antarik Rajaswo Khata 0440055997600012 | 27th Oct, 2024 12:00 Pm |

2. Pre-bid meeting shall not be held.
3. Bid opening date 27th Oct 2024 at 13:00,office of Buddhabhumi Municipality Office, Kapilbastu
4. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission

Chief Administrative Officer

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन)
फोन:- ०७१५४२५७१

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्
सम्पर्कः
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि) यातायात मजदूर संघको भवनमा
फोन:–०७१–५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

प्रो. मञ्जु एण्ड सन्स्
फोनः ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रुपन्देही



स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादकः टिआर शर्मा,
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com